# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको

## छैटौं वार्षिक साधारण सभाको

## निर्णय अभिलेख (माइन्यूट)

१. **सभाको वैधानिकता :**

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको छैटौं वार्षिक साधारण सभा यस कम्पनीको मिति २०७९/११/१६ गते बसेको सञ्चालक समितिको ११६ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचन ज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०७९ चैत्र ११ गते शनिवार (तदनुसार २०२३ मार्च २५)

स्थान : संस्थाको केन्द्रीय कार्यालय, ककनी-०६, नुवाकोट ।

समय : बिहान १०:०० बजे प्रारम्भ भई १:०० बजे समापन ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार छैटौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागि शेयरधनीहरुलाई मिति २०७९/११/१७ गते र मिति २०७९/११/२१ गतेको आर्थिक राष्ट्रिय दैनिक प्रत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई वितरणको प्रवन्ध मिलाईएको थियो ।

४. **छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८/७९ को मुनाफाबाट चुक्ता पुँजी रु. ३३,३९,१४,०००/- को ०.७१४३ प्रतिशतले हुने रकम रु. २३,८५,१००/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री के.एम.यु. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।
५. स्वतन्त्र सञ्चालक नियुक्त गरिएको जानकारी गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८/७९ को मुनाफाबाट चुक्ता पुँजी रु. ३३,३९,१४,०००/- को १४.२८५७ प्रतिशतले हुने रकम रु. ४,७७,०२,०००/- बोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्ध-पत्र मा आवश्यक संशोधन गर्ने ।
२. सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।
३. वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
४. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (Acquisition) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
५. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (Acquisition) तथा

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी ६ नुवाकोट

खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

६. वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोही बमोजिम प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. विविध ।

५. उपस्थिति :

५.१ सञ्चालक समितिका सदस्यहरु जम्मा ७ जना ।

५.२ शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा ४७ जना ।

५.३ **कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु :**

१. श्री निर्गुण प्रसाद भट्टचन - अध्यक्ष
२. श्री प्रदीप कुमार खड्का - सञ्चालक
३. श्री सुसन शेरचन - सञ्चालक
४. श्री कविता पोखेल - सञ्चालक
५. श्री भावना बलायर - सञ्चालक
६. श्री अविनास सिलवाल - सञ्चालक
७. श्री दिलिप पौडेल - स्वतन्त्र सञ्चालक

५.४ **व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति :**

१. श्री बद्री प्रसाद दुलाल - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री बद्री प्रसाद अधिकारी - नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री बिजेन्द्र चौधरी - प्रमुख- कर्जा तथा सुचना प्रविधि विभाग
४. श्री रबिन खतिवडा - प्रमुख- जोखिम व्यवस्थापन, अनुगमन तथा असुली विभाग
५. श्री दिपेन्द्र खनाल - प्रमुख- मानव संसाधन, कार्य संचालन तथा सामान्य सेवा विभाग
६. श्री प्रदिप श्रेष्ठ - प्रमुख- योजना तथा वित्त विभाग
७. श्री राजिव डंगौरा - प्रमुख- आन्तरिक लेखापरीक्षण तथा अनुपालना विभाग

५.५ **नियमनकारी निकायबाट भएको उपस्थिति :** नभएको

५.६ **प्रभु क्यापिटलको तर्फबाट भएको उपस्थिति :** श्री श्याम रावल

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

| उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरुको कुल संख्या : ४२,७५१ | शेयरधनीहरु | |
| | ४७ जना (६ जना सञ्चालक समेत) स्वयं | |
| जम्मा शेयर संख्या: ३३ लाख ३९ हजार १ सय ४० कित्ता | प्रोक्सी मार्फत उपस्थिति नभएको । | ५४.५९ प्रतिशत |
| | जम्मा उपस्थिति ४७ जना १८,२२,९६४ कित्ता | |

यस कम्पनीको छैटौं वार्षिक साधारण सभा संचालन गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ३३ लाख ३९ हजार १ सय ४० कित्तामा १८ लाख २२ हजार ९ सय ६४ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ४२,७५१

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय

शेयरधनीहरु मध्ये ४७ जना शेयरधनीहरुको स्वयं उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयरधनीहरुको संख्या तथा शेयर कित्ता समेतको प्रतिनिधित्व भएको छ ।

७. **सभा संचालनको लागि वैधानिकताको यकिन :**

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको छैटौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ४७ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ५४.५९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न वैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले छैटौं वार्षिक साधारण सभाको कामकारवाही संचालन गराउनु भयो ।

७.२. यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि बिहानको १०:०० बजे अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको छैटौं वार्षिक साधारण सभा शुरु भयो ।

८. **वार्षिक साधारण सभाको प्रस्तुति :**

८.१. सभाका सभापति श्री निर्गुण प्रसाद भट्टचनज्यू तथा प्रमुख अतिथि संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूबाट संयुक्त रुपमा पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन पश्चात सभाको काम कारवाही शुरु गरियो ।

८.२. संस्थाका कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद दुलालज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै अध्यक्षज्यूको अनुमतिले साधारण सभाको कारवाही संचालन गर्नुभयो ।

८.३. अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा समक्ष पेश गर्नु भयो ।

८.४. अध्यक्षज्यूले आ.व. २०७८/७९ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण समेत छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

९. **छलफलका लागि आह्वान :**

९.१. वित्तीय संस्थाको आ.व.२०७८/७९को प्रतिवेदन, २०७९ आषाढ मसान्त सम्मको वासलात, नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२. छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :

१. श्री संयोग धिमिरे
२. श्री जुनु मैया श्रेष्ठ
३. श्री अर्जुन पराजुली

१०. **छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतिकरण :**

**१. श्री संयोग धिमिरे :**

लघुवित्त वित्तीय संस्थामा समस्या देखिएकोले कर्जा लगानी गर्दा विश्लेषण गरी तथा असुली गर्दा नीति नियम भित्र रहेर लगानी/असुली गर्न सुझाव दिनुको साथै संस्थाको अन्य लघुवित्त संस्थाहरु सँग गाभ्ने/गाभिने, प्राप्ति (Acquisition) सम्बन्धी प्रक्रिया अगाडी के-कस्तो प्रगति भएको वा नभएको ?

आशा
आशा लघुवित वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

२. श्री जुनु मैया श्रेष्ठ :

साधारण सभा सम्बन्धी सूचना प्रकाशन गर्दा संस्थाको केन्द्रीय कार्यालयको ठेगानामा स्थानिय स्थानको नाम समेत राख्न सुझाव दिनुभयो ।

३. श्री अर्जुन पराजुली :

साधारण सभा पौष मसान्त भित्रै सम्पन्न गर्न, दोहोरोपन निवारण गर्न संस्थाको रणनीति के छ ? वर्तमान समयमा सञ्चालकको सेवा सुविधा सम्बन्धमा नबढाउँदा राम्रो हुने सुझाव दिनु भयो ।

११. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

वार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमिकम्जोरी तथा सुझाव उपर अध्यक्षज्यूले धन्यवाद दिँदै उक्त कमीकमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो । संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (Acquisition) सम्बन्धी प्रक्रिया बिभिन्न संस्थाहरु संग अनौपचारिक कुरा भैरहेको, संस्थाले गाभ्न/गाभिन प्राथमिकतामा राखिएको तथा दोहोरोपन निवारण गर्न संस्थाले कर्जाको विश्लेषण तथा कर्जा सूचना केन्द्रकबाट प्राप्त सूचनाको आधारमा लगानी गर्ने नीति रहेको जानकारी गराउनुभयो ।

१२. **वार्षिक साधारण सभाको निर्णय** :

(क) **सामान्य प्रस्तावहरुमा भएका निर्णयहरु :**

१. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले छैटौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरीक्षकको आ.व. २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह लगायत सो सँग सम्बन्धित सम्पूर्ण अनुसूचीहरु सहितको वित्तीय विवरण पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

३. **सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८/७९ को मुनाफाबाट चुक्ता पुँजी रु. ३३,३९,१४,०००/- को ०.७१४३ प्रतिशतले हुने रकम रु. २३,८५,१००/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।**

सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८/७९ को मुनाफाबाट चुक्ता पुँजी रु. ३३,३९,१४,०००/- को ०.७१४३ प्रतिशतले हुने रकम रु. २३,८५,१००/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

४. **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री के.एम.यु. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गरियोस भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०७९ चैत्र ०६ गते बसेको ३० औं बैठकले गरेको सिफारिस बमोजिम के.एम.यू. एण्ड एसोशिएट्सलाई बाह्य लेखापरीक्षकमा पुनः नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण र निक्षेप तथा कर्जा सुरक्षण निगम लगायतका अन्य नियमक निकायले तोकिए



आशा

आशा लघुवित्त वित्तीय संस्था लि.

बमोजिम कागजात प्रमाणित तथा कर परीक्षण बापत पारिश्रमिक कर बाहेक रु. २,००,०००।- (अक्षरेपि दुई लाख मात्र) निर्धारण गर्ने र दैनिक भत्ता बापत सी. ए. तथा ए.सि.सि.ए. लाई रु. २,५००/- र अन्य लाई रु. २,०००/- प्रति दिन प्रति व्यक्तिका दरले तथा बिल अनुसार वास्तविक यातायात बापतको खर्च प्रदान गर्ने गरी लेखापरीक्षण समितिको सिफारिस बमोजिम हुनेगरी नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

५. **स्वतन्त्र सञ्चालक नियुक्त गरिएको जानकारी गर्ने ।**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९ श्रावण ३१ गते बसेको १०८ औं बैठकको निर्णय अनुसार छिस्ती- ०१, बाग्लुङ्ग मा स्थायी बसोबास रहेको श्री पुरन्धर पाध्याको नाति श्री कुसुमाकर पाध्याको छोरा वर्ष ४१ को श्री दिलिप पौडेलज्यूलाई स्वतन्त्र सञ्चालकमा नियुक्त गरेको जानकारी गरियो ।

(ख) <u>विशेष प्रस्तावहरुमा भएका निर्णयहरु</u> :

१. **सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७८/७९ को मुनाफाबाट चुक्ता पुँजी रु. ३३,३९,१४,०००/- को १४.२८५७ प्रतिशतले हुने रकम रु. ४,७७,०२,०००/- बोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्ध-पत्रमा अधिकृत, जारी तथा चुक्ता पुँजीमा तीन-महले बमोजिम संशोधन गर्ने ।**

२. **सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थाको नियमावलीको दफा ३२ (१) (ख) मा उल्लेख गरिएको सञ्चालकको पारिश्रमीक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा समय सापेक्ष वृद्धि गर्न आवश्यक भएकोले "सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्षले र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमश: रु.६,०००/- र रु.५,५००/- हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गर्न पेश गरिएको भएता पनि सो सम्बन्धमा कुनै पनि निर्णय नगरिएकोले नियमावलीमा संशोधन आवश्यक नभएको ।

३. **वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा तपसिल बमोजिमको तीन-महले बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**प्रबन्ध-पत्रको संशोधित प्रावधानको तीन-महले**

| दफा | साबिकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|---|
| दफा -३ | <u>वित्तीय संस्थाले गर्ने व्यवसाय वा कारोवारको प्रकृति :</u><br>वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को ४७ को उपदफा (४) तथा यस प्रबन्धपत्र र नियमावली बमोजिम बैंकिङ्ग वा वित्तीय सेवा व्यवसायको कारोवार गर्नेछ । | <u>वित्तीय संस्थाले गर्ने व्यवसाय वा कारोवारको प्रकृति</u> : वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उप-दफा (४) तथा यस प्रबन्धपत्र र नियमावली बमोजिम बैंकिङ्ग वा वित्तीय सेवा व्यवसायको कारोवार गर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएको हुँदा सोही व्यवस्था बमोजिम संशोधन गर्नुपर्ने भएकोले । |
| दफा-४ (१) | <u>वित्तीय संस्थाको मुख्य उद्देश्य :</u><br>(१) राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ । | <u>वित्तीय संस्थाको मुख्य उद्देश्य :</u><br>(१) राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०७३ तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएको हुँदा सोही व्यवस्था बमोजिम संशोधन गर्नुपर्ने भएकोले । |
| दफा-५ | <u>वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :</u><br>यस वित्तीय संस्थाले दफा-४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन २०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (४) | <u>वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :</u><br>यस वित्तीय संस्थाले दफा-४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन २०६३ को दफा-१८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएको हुँदा सोही व्यवस्था बमोजिम संशोधन गर्नुपर्ने भएकोले । |



आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

| | | | |
|---|---|---|---|
| | बमोजिम "घ" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा रहने गरी सो ऐन, कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ । | ऐन,२०७३ को दफा-४९ को उपदफा (४) बमोजिम "घ" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा रहने गरी सो ऐन, कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ । | |
| दफा-५ (प) | **वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :** (प) हाल व्यवस्था नभएको | **वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :** (प) रेमिटेन्स सम्बन्धी भुक्तानी दिन सब एजेन्ट भई कार्य गर्नका निम्ति प्रचलित कानुन अनुसार रेमिटेन्स सम्बन्धी कार्य गर्ने । | संस्थाको व्यवसायको दायरा अभिवृद्धि गर्ने तथा सदस्यहरुलाई थप सुविधा प्रदान गर्ने । |
| दफा-५ (फ) | **वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :** (फ) हाल व्यवस्था नभएको | **वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु** : (फ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर, मोबाईल बैंकिङ वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने तथा अन्य डिजिटल बैंकिङ सम्बन्धी कार्यहरु गर्ने । | समय सापेक्ष सेवा थप गर्नुपर्ने भएकोले । |
| दफा - ६(क) | (क) वित्तीय संस्थाको अधिकृत पुँजी रु. ३३,३९,१४,०००/- (अक्षरेपि तेत्तिस करोड उनन्चालिस लाख चौध हजार मात्र) हुनेछ । सो पुँजी लाई रु. १०० का दरले ३३,३९,१४० /- (तेत्तिस लाख उनन्चालिस हजार एक सय चालिस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (क) वित्तीय संस्थाको अधिकृत पुँजी रु. ३८,१६,१६,०००/- (अक्षरेपि अठतिस करोड सोह्र लाख सोह्र हजार मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० का दरले ३८,१६,१६०/- (अठतिस लाख सोह्र हजार एक सय साठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाले १४.२८५७ प्रतिशत बोनस शेयर जारी गर्न प्रस्ताव गरेकोले । |
| दफा - ६(ख) | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. ३३,३९,१४,०००/- (अक्षरेपि तेत्तिस करोड उनन्चालिस लाख चौध हजार मात्र) हुनेछ । सो पुँजी लाई रु. १०० का दरले ३३,३९,१४० /- (तेत्तिस लाख उनन्चालिस हजार एक सय चालिस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. ३८,१६,१६,०००/- (अक्षरेपि अठतिस करोड सोह्र लाख सोह्र हजार मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० का दरले ३८,१६,१६०/- (अठतिस लाख सोह्र हजार एक सय साठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | |
| दफा - ६(ग) | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ३३,३९,१४,०००/- (अक्षरेपि तेत्तिस करोड उनन्चालिस लाख चौध हजार मात्र ) हुनेछ । | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ३८,१६,१६,०००/- (अक्षरेपि अठतिस करोड सोह्र लाख सोह्र हजार) हुनेछ । | |
| दफा - ६(ज) | **वित्तीय संस्थाको पुँजीको संरचना :** (ज) राष्ट्र बैंकको स्वीकृती लिई कम्पनी ऐन, २०६३ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय संस्थाले आफ्नो पुँजी तथा स्वामित्वको संरचना हेरफेर गर्न सक्नेछ । | **वित्तीय संस्थाको पुँजीको संरचना :** (ज) राष्ट्र बैंकको पूर्व स्वीकृति लिई कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही लघुवित्त वित्तीय संस्थाले आफ्नो पुँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा भएको व्यवस्था बमोजिम यस वित्तीय संस्थाको प्रबन्धपत्रमा संशोधन गर्नु पर्ने भएकोले । |

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट

| | | | |
|---|---|---|---|
| दफा-८ (ज) | **शेयर खरिद वा हस्तान्तरण गर्नमा बन्देज :**<br>(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी कानुन तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | **शेयर खरिद वा हस्तान्तरण गर्नमा बन्देज :**<br>(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानुन, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएको हुँदा सोही व्यवस्था बमोजिम संशोधन गर्नुपर्ने भएकोले । |
| दफा ११ | **अन्य आवश्यक कुराहरु :**<br>(६) वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०६३ र अन्य प्रचलित कानुनले बन्देज लगाएका कार्यहरु गर्न पाउने छैन ।<br>(१३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र कम्पनी ऐन, २०६३, धितोपत्र कारोवार सम्बन्धी कानुनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको कानुनी व्यवस्थाले प्राथमिकता पाउने छ । | **अन्य आवश्यक कुराहरु :**<br>(६) वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र अन्य प्रचलित कानुनले बन्देज लगाएका कार्यहरु गर्न पाउने छैन ।<br>(१३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ र कम्पनी ऐन, २०६३, धितोपत्र कारोवार सम्बन्धी कानूनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको कानुनी व्यवस्थाले प्राथमिकता पाउने छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएको हुँदा सोही व्यवस्था बमोजिम संशोधन गर्नुपर्ने भएकोले । |
| दफा-१२ | **वित्तीय संस्थाको प्रकृति अनुरुप थप व्यवस्था :**<br>वित्तीय संस्थाको व्यवसायिक कारोवार राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम हुनेछ । वित्तीय संस्थाको धितोपत्र कारोवार र साधारण सभा संचालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोवार कानून तथा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ । | **वित्तीय संस्थाको प्रकृति अनुरुप थप व्यवस्था :**<br>वित्तीय संस्थाको व्यवसायिक कारोवार नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हुनेछ । लघुवित्त वित्तीय संस्थाको धितोपत्र कारोवार र साधारणसभा संचालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोवार कानून तथा कम्पनी ऐन,२०६३ बमोजिम हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएको हुँदा सोही व्यवस्था बमोजिम संशोधन गर्नुपर्ने भएकोले । |
| दफा-१३ | **प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :**<br>(२) राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोवार सम्वन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ । | **प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :**<br>(२) राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएको हुँदा सोही व्यवस्था बमोजिम संशोधन गर्नुपर्ने भएकोले । |
| दफा-१४ | **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :**<br>यस प्रबन्धपत्रमा लेखिएका कुराहरु राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर भई उपरोक्त ऐन वा कानूनका व्यवस्थाहरु नै लागू हुनेछ । | **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :**<br>यस प्रबन्धपत्रमा लेखिएका कुराहरु राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर भई उपरोक्त ऐन वा कानूनका व्यवस्थाहरु नै लागू हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएको हुँदा सोही व्यवस्था बमोजिम संशोधन गर्नुपर्ने भएकोले । |

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-९ नुवाकोट

## नियमावलीको संशोधित प्रावधानको तीन–महले

| नियम | साबिकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|---|
| नियम-३ | (क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ । | (क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ सम्झनु पर्छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागू भएकोले । |
| नियम-३ | (ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय संस्था स्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ । | (ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय संस्था स्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागू भएकोले । |
| नियम-३ | (ड) "वित्तीय कारोवार" भन्नाले वित्तीय संस्थाले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ मा उल्लेख भए बमोजिमको कारोवार सम्झनु पर्छ । | (ड) "वित्तीय कारोवार" भन्नाले वित्तीय संस्थाले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ मा उल्लेख भए बमोजिमको कारोवार सम्झनु पर्छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम संशोधन गर्नु पर्ने भएकोले । |
| नियम -२९ | **व्यवसायिक सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती, प्रक्रिया सम्बन्धी व्यवस्था :**<br>(१) ऐनले व्यवस्था गरे बमोजिम राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूची बाट सञ्चालक हुन योग्य भएको व्यक्ति मध्येबाट ऐनको दफा १७ उपदफा (३) बमोजिम समितिले एक जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक नियुक्त गर्नेछ ।<br>(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ, र निजको पुन: नियुक्ति हुन सक्नेछ । | **स्वतन्त्र सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती, प्रक्रिया सम्बन्धी व्यवस्था :**<br>(१) सञ्चालक समितिले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा राष्ट्र बैंकले तोके बमोजिम योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट एक जना स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ ।<br>(२) निजको कार्यकाल बढीमा ४ वर्षको हुनेछ र एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार |
| | **व्यावसायिक विशेषज्ञ सञ्चालक** | **स्वतन्त्र सञ्चालक** | व्यावसायिक विशेषज्ञ सञ्चालक रहेको सबै स्थानमा स्वतन्त्र सञ्चालक बनाउनका लागि |

४. **संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (Acquisition) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न/गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा खरिद गर्ने सम्बन्धी प्रचलित कानुन तथा निर्देशनहरु अधिनमा रहि समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर लगायत गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृत लिई कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

५: **संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति ( Acquisition) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जूमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।**

यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न/गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा खरिद गर्ने क्रममा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit -DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने समझदारी पत्र (Memorendum of Understanding) तर्जूमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

६. **वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोही बमोजिम प्रवन्धपत्र तथा विनियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।**

वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोही बमोजिम प्रवन्धपत्र तथा विनियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

७. विविध :

प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्नुहुँदै संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूले संस्थाले कर्मचारी लाई अनावश्यक लक्ष्य दिएर काम लगाउन नहुने, शेयरधनीहरुले उठाएको कुरा जायज भएको, अहिलेको अवस्थामा थप जिम्मेवार रहि काम गर्नु पर्ने अवस्था रहेको तथा गुणस्तरीयतामा ध्यान दिनुपर्ने समय आएको सुझाव दिनुभयो। सञ्चालक समितिका अध्यक्षज्यू तथा यस सभाका सभापति श्री निर्गुण प्रसाद भट्टचनज्यूले स्वतन्त्र सञ्चालक श्री देवेन्द्र लाल श्रेष्ठज्यूले यस संस्थामा सञ्चालक रहँदा पुऱ्याउनु भएको योगदानको कदर गर्दै धन्यवाद प्रदान गर्नुभयो।

<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन</u> :

यस छैटौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागिताका साथै प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो। आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा धन्यवाद ज्ञापन गर्नुभयो। वित्तीय संस्था संचालनमा महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण नियमनकारी निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक तथा व्यवस्थापन समूह लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गरियो।

बद्री प्रसाद दुलाल
कम्पनी सचिव
संस्थाको छाप :

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

निर्गुण प्रसाद भट्टचन
अध्यक्ष
मिति : २०७९ चैत्र ११ गते शनिवार